**आकाशवाणी समाचार- नेपाली**

मितिः ३१ मार्च २०२६

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**<u>प्रमुख समाचार</u>**

- राष्ट्रपति द्रौपदी मुर्मुले आज महावीर जयंतीको अवसरमा देशवासि अनि विशेष जैन समुदायका मानिसहरुलाई शुभकामना दिनु भएकोछ।

- चुनाव आयोगले हिज पश्चिम बंगालको मुख्य निर्वाचन पदाधिकारी कार्यालयमा ठुलो प्रशासनिक फेरबदल गर्दै चार महत्वपूर्ण अधिकारि'हरुलाई पदबाट हटाएको छ।

- पश्चिम बंगाल विधानसभा चुनावको नामांकन दाखिल गर्ने पहिलो दिन हिज कुल 78 उम्मीदवारहरुले नामांकन पत्र दाखिल गरे।

- भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको उम्मेद्वार अमर लामाले भोली नामांकन पत्र भर्ने जानकारी प्राप्त भएको छ।

- मौसम विभागले आज अरुणाचल प्रदेश, असम, मेघालय, सिक्किम, केरल, माहे र उप-हिमालयी पश्चिम बंगालमा भारि वर्षाको अनुमान व्यक्त गरेको छ।

**<u>महावीर जयंती</u>**

देशमा आज जैन धर्मका 24 औ अनि अंतिम तीर्थंकर, भगवान महावीरको जयंती मनाईदैछ। आजको दिन भगवान महावीरको विशेष प्रार्थना गरिन्छ अनि रथयात्रा निकालीन्छ। यस पर्वले करूणा, संयम तथा सत्यको व्रत पालन गर्ने संदेश दिन्छ। राष्ट्रपति द्रौपदी मुर्मुले आज महावीर जयंतीको अवसरमा देशवासि अनि विशेष जैन समुदायका मानिसहरुलाई शुभकामना दिनु भएकोछ। श्रीमती मुर्मुले आफ्नो संदेशमा भन्नु भएको छ भगवान महावीरको पांच सिद्धांत-अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रह-ले जीवनमा सत्य पथमा हिड्न प्रेरित गर्दछ। राष्ट्रपतिले भन्नु भएको छ यी सिद्धांतहरुलाई अपनाएर नागरिकहरुले आफ्नो जीवनलाई सार्थक बनाउन सक्नेछन् र समाजमा सकारात्मक बदलाव ल्याउन सक्नेछन्। श्रीमती मुर्मुले भगवान महावीरले समाजमा व्याप्त कुसंस्कार विरुद्ध आवाज उठाउनु भयो अनि सुद्रिड जीवनको मार्ग प्रशस्त गरेको र उहाँको शिक्षाहरु सधैव प्रासंगिक रहने बताउनु भयो।

**<u>मुख्य निर्वाचन पदाधिकारी कार्यालय</u>**

चुनाव आयोगले हिज पश्चिम बंगालको मुख्य निर्वाचन पदाधिकारी कार्यालयमा ठुलो प्रशासनिक फेरबदल गर्दै चार महत्वपूर्ण अधिकारि'हरुलाई पदबाट हटाएको छ। यसमा एक उप मुख्य निर्वाचन पदाधिकारी स्तरका अधिकारी पनि शामिल छन्। स्थानान्तरण गरिएका उप मुख्य निर्वाचन अधिकारी सुभ्रत पाल (2005 ब्याच , पश्चिम बंगाल सिविल सेवा-कार्यकारी) लाई राज्यको स्वास्थ्य एवं परिवार कल्याण विभागमा वरिष्ठ उप सचिव पदमा स्थानान्तरण गरिएको छ। यसको साथै मुख्य निर्वाचन अधिकारी कार्यालयका दुई अतिरिक्त सचिव अनि एक संयुक्त सचिवको पनि स्तान्तरण गरिएको छ। अधिकारियों को स्थानांतरण गरिएका अधिकारीहरुमा नरेंद्र नाथ दत्त अनि सुप्रिया दास (अतिरिक्त सचिव) तथा मिथु सरकार (संयुक्त सचिव) शामिल छन् भने यी पदहरुमा नियुक्त गरिने नयाँ अधिकारिहरुको हाल सम्म घोषणा भएको छैन ।

सन् 2001 ब्याचका पश्चिम बङ्गाल सिभिल सर्भिस (कार्यकारी) अधिकारी राहुल नाथलाई स्वास्थ्य र परिवार कल्याण विभागको अतिरिक्त सचिवको पदबाट हटाइएको छ र संयुक्त मुख्य निर्वाचन अधिकारी पदमा नियुक्त गरिएको छ। नरेन्द्रनाथ दत्तलाई राज्य श्रम विभागमा अतिरिक्त सचिव, सुप्रिया दासलाई खाद्य प्रसंस्करण उद्योग र बागवानी विभागमा अतिरिक्त सचिव र मिथु सरकारलाई अल्पसंख्यक मामिला र मदरसा शिक्षा विभागमा संयुक्त सचिवको रूपमा नियुक्त गरिएको छ।

**पश्चिम बंगाल-नामांकन**

पश्चिम बंगाल विधानसभा चुनावको नामांकन दाखिल गर्ने पहिलो दिन हिज कुल 78 उम्मीदवारहरुले नामांकन पत्र दाखिल गरे। पूर्वी मेदिनीपुरको नंदकुमार, महिषादल र नंदीग्राम निर्वाचन क्षेत्रमा तीन-तीन नामांकन दाखिल गरिएकोछ। पश्चिम मेदिनीपुरको खड़गपुर निर्वाचन क्षेत्रमा पनि तीन नामांकन दाखिल भएको छ।

पश्चिम बंगालमा विपक्षका नेता सुवेंदु अधिकारीले पूर्वी मेदिनीपुर जिल्लको नंदीग्राम निर्वाचन क्षेत्रबाट नामांकन दाखिल गर्नु भयो। श्री अधिकारीको साथमा केंद्रीय मंत्री धर्मेंद्र प्रधान र भाजपाका पूर्व प्रदेश अध्यक्ष दिलीप घोष अनि अन्य वरिष्ठ पार्टी नेताहरु पनि उपस्थित थिए। भाजपाले, आगामी चुनावमा निर्णायक जीत हासिल गर्ने श्री अधिकारीले विश्वास व्यक्त गर्नु भयो।

**निर्वाचन- आयोग-भाजपा प्रतिनिधिमंडल-पश्चिम बंगाल चुनाव**

भारतीय जनता पार्टीका वरिष्ठ नेताहरु पीयूष गोयल, किरेन रिजिजू र डॉ. सुकांत मंजुमदार सहित कयौ नेताहरु र केंद्रीय मंत्रिहरुले हिज निर्वाचन आयोगसित भेट गरेका छन्। बैठकपछि संवाददाताहरुलाई संबोधित गर्नुहुदै श्री रिजिजूले भन्नु भयो कि पश्चिम बंगालमा स्वतंत्र र निष्पक्ष चुनाव हुनु पर्नेछ। उहाँले आरोप लगाउनु भयो कि पश्चिम बंगाल की मुख्यमंत्री र तृणमूल कांग्रेस की वरिष्ठ नेता ममता बनर्जी र उहाँको पार्टीले राज्यमा चुनावी प्रक्रियालाई सम्पूर्ण रुपले हाईजैक गरेको छ। श्री रिजिजूले भन्नु भयो कि उहाँले पश्चिम बंगालसंग संबंधित फ्नो चिंताहरुलाई आयोगको समक्ष राखेका छन् र आयोगले आश्वासन दिएको छ कि आयोगले स्वतंत्र र निष्पक्ष चुनाव सुनिश्चित गर्नका लागि सबै आवश्यक कदम उठाउनेछ।

**मतदाता सूची - अभिषेक बनर्जी**

तृणमूल कांग्रेसका नेता अभिषेक बनर्जीले हिज सोशल मीडिया मंच एक्समा एक पोस्टमा पश्चिम बंगालमा चुनाव प्रक्रियालाई लिएर गंभीर चिंता जताउनु हुदै निर्वाचन आयोग सित जवाबको मांग गर्नु भएको छ। आफ्नो पोस्टमा उहाँले राज्यका मानिसहरुको लोकतांत्रिक अधिकारमा हस्तक्षेपको एक संगठित कोशिशको संकेत प्राप्त भएको बताउनु भएको छ। विभिन्न जिल्लाहरूबाट विश्वसनीय जानकारी प्राप्त भइरहेको अनि ठूलो संख्यामा फारम-6 अर्थात् नयाँ मतदाताहरूको आवेदन शंकास्पद रूपमा पेश भइरहेको उहाँले दाबी गर्नु भयो। उहाँले जनतालाई यस विषयमा ध्यान दिन, प्रश्न उठाउन र आफ्नो मतको सुरक्षा प्रति सतर्क रहन आग्रह गर्नु भयो, कारण यो राजनीतिको मात्र विषय नभई लोकतन्त्र र निष्पक्ष चुनावको विश्वसनीयताको विषय हो। अन्त्यमा उहाँले सम्पूर्ण विषयमा निर्वाचन आयोगले स्पष्ट जवाफ दिनुपर्ने र निर्वाचन प्रक्रियाको पारदर्शिता र विश्वसनीयता कायम गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने बताउनु भएको छ।

**ममताको भाजपामाथि प्रहार**

राज्यकी मुख्यमन्त्री ममता बनर्जीले हिज मेदिनीपुरमा आयोजित एक जनसभामा भाजपा माथि तीखो आलोचना गर्नु हुदै भन्नु भयो उनीहरू धर्म बेचेर राजनीति गर्छन्, जबकि हामी मानवता निर्माण गर्छौं। तृणमूल कांग्रेस प्रमुखले सभाको शुरुमा भगवान महावीरको प्रतिमामा माल्यार्पण गर्नु भयो अनि स्थानीय नेताहरुलाई सम्मानित गर्नु भयो। उहाँले भन्नु भयो राज्य सरकारको र्यकालमा डेबरा क्षेत्रमा सुपर स्पेशियलिटी अस्पताल, आईटीआई, सड़क निर्माण सहित कई विकास कार्य भएको छ।
मुख्यमंत्रीले किसानहारुको हितमा उठाएको कदमहरुको उल्लेख गर्नु हुदै राज्यमा किसानहरुलाई उचित मूल्य दिलाउन प्रति वर्ष लगभग 54 लाख मीट्रिक टन धान खरीद गरिएको बताउनु भयो।

**अमर लामा- नामांकन पत्र**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको उम्मेद्वार अमर लामाले भोली नामांकन पत्र भर्ने भएको र उक्त दिन खरसाङ विधानसभा समष्टिभरिबाट भागोप्रमोको समर्थकहरु उपस्थित रहने छन् । यस विषयमा हिज खरसाङमा पत्रकार सम्मेलन आयोजना गरेर भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा खरसाङ महकुमा समितिद्वारा जानकारी गराइएको छ। आयोजित पत्रकार सम्मेलनमा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा खरसाङ महकुमा समितिको सभापति सुमन बम्जन, सचिव एवं सभासद प्रणाम रसाइली, लगायत अन्यको उपस्थिती रहेको थियो । पत्रकार सम्मेलनमा सभासद एंव खरसाङ महकुमा समितिको सचिव प्रणाम रसाइलीले भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको उम्मेद्वार अमर लामाले 1 अप्रेल को दिन आफ्नो नामांकन पत्र भर्ने र उक्त दिन खरसाङ विधानसभा समष्टिभरिको विभिन्न स्थानहरुबाट समर्थकहरु आउने जानकारी गराएका छन्। उनले उक्त दिन सबै समर्थकहरु खरसाङ बजारमा भेला भएर खरसाङ बजारमा एक फन्को रैली निकालेर खरसाङ महकुमा कार्यालय जाने बताए। उनले ट्राफिक व्यवस्थापनको लागि खरसाङको ट्राफिक प्रभारीसित भेटघाट गरेको पनि जानकारी गराएका छन्।

**जनगणना 2027**

जनगणना 2027 एक अप्रिल देखि सुरु हुनेछ। यो स्वतन्त्रता पछिको आठौं र यस शृङ्खलाको 16 औं जनगणना हुनेछ। आज नयाँ दिल्लीमा एक संवाददाता सम्मेलनमा महारजिस्ट्रार तथा जनगणना आयुक्त मृत्युंजय कुमार नारायणले जनगणना दुई चरणमा गरिने बताउनुभयो। श्री नारायणले पहिलो चरणमा घर-घरको सूची बनाउन र स्व-गणना गरिनेछ भन्नुभयो। आयुक्तले भन्नुभयो स्व-गणनाको सुविधा 1 अप्रैल देखि 31 अगस्त सम्म 15 दिनको अवधिमा सञ्चालित गरिनेछ। यसको सञ्चालन राज्य र केन्द्र शासित प्रदेशहरूमा भिन्दा- भिन्दै हुनेछ।

**मौसम**

मौसम विभागले आज अरुणाचल प्रदेश, असम, मेघालय, सिक्किम, केरल, माहे र उप-हिमालयी पश्चिम बंगालमा भारि वर्षाको अनुमान व्यक्त गरेको छ । यसको साथै दिल्ली, हरियाणा, छत्तीसगढ़, महाराष्ट्र अनि ओडिशाम गर्जन सहित असिना पर्न सक्ने अनुमान व्यक्त गरेको छ । जम्मू- कश्मीर, आंध्र प्रदेश र झारखंडमा पनि आज यस्तै स्थिति रहने संभावना रहेको छ । यस अतिरिक्त अघिल्लो दुइ दिन सम्म पूर्वी राजस्थान, पंजाब, तेलंगाना अनि उत्तर प्रदेशमा बिजली चम्किने अनुमान विभागले व्यक्त गरेको छ ।

****** ० ******